## मिति २०७८ माघ १४ गते शुक्रबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको बाह्रौ बैठकका निर्णयहरु

<u>निर्णय नं. १</u>: वि.सं. २०७८ सालको मनसुनजन्य विपद्को प्रारम्भिक क्षति तथा नोक्सानीको सम्बन्धमा अवगत भयो। उक्त क्षति तथा नोक्सानी प्रति गम्भीर दुःख व्यक्त गर्दै विपद्को घट्नाबाट मृत्यु भएकाहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्ने । प्राधिकरणले विपद्को क्षति तथा नोक्सानीको विस्तृत विवरण अविलम्ब संकलन गर्ने र सोको आधारमा पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यलाई सम्बन्धित विषयगत मन्त्रालयहरुले तीव्रता दिने ।

<u>निर्णय नं. २:</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायका कार्ययोजना र कार्यविधि स्वीकृत गर्ने ।

(क) विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को बजारमा आधारित वित्तीय विधि सहितको कार्यान्वयन कार्ययोजना, २०७८

(ख) विपद् व्यवस्थापन स्वयंसेवक व्यूरो गठन तथा परिचालन कार्यविधि, २०७८

<u>निर्णय नं. ३:</u> प्राधिकरणबाट प्रस्ताव भएबमोजिम देहायका कार्यविधिहरुमा संशोधन स्वीकृत गर्ने ।

(क) मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७

(ख) आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७८

<u>निर्णय नं. ४:</u> राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिबाट स्वीकृत कार्यविधिहरु मध्ये भूकम्प पुनर्निर्माणका बाँकी कार्य सम्पन्न गर्न देहायका कार्यविधिहरुमा आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने ।

(क) जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३

(ख) सम्पदा बस्तीका एकल वा बहुस्वामित्वका निजी आवास पुनर्निर्माण कार्यविधि, २०७६

(ग) एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि,२०७५

(घ) भूकम्प पीडीतलाई बसोबास योग्य जग्गा खरिद सम्बन्धी मापदण्ड, २०७४

(ङ) प्राविधिक खटिनु पूर्व बनेका घरहरुलाई निजी आवास पुनर्निर्माण अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

(च) निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण (प्रथम संशोधन) कार्यविधि, २०७५

(छ) भूकम्पबाट प्रभावित गुम्बा/बिहार/स्तुपहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७५

<u>निर्णय नं. ५:</u> नेपाल सरकार (मन्त्रिपरिषद्) बाट जारी भएका भूकम्प पुनर्निर्माणका बाँकी कार्य सम्पन्न गर्न देहायका कार्यविधि र निर्देशिकाहरुमा आवश्यक परिमार्जन सहित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरण भएका कामहरुसँग सम्बन्धित विषयगत मन्त्रालयहरुले स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्ने।

(क) भूकम्पबाट प्रभावित निजी आवास पुननिर्माण अनुदान वितरण कार्यविधि, २०७३

(ख) भूकम्पबाट प्रभावित व्यक्तिको जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०७२

(ग) सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५

(घ) भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वनक्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७२

निर्णय नं. ६: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आ.व. २०७७/०७८ को प्रथम वार्षिक प्रतिवेदन राष्ट्रिय परिषद्मा पेश गर्न सिफारिश गर्ने।

निर्णय नं. ७: वहुप्रकोपीय राष्ट्रिय पूर्वसूचना प्रणालीको अवधारणा-पत्र र कार्ययोजना प्राधिकरणले सम्बन्धित वियषगत मन्त्रालयहरुको समन्वयमा तयार गरी आगामी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा पेश गर्ने ।

निर्णय नं. ८: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिमा पेश गर्ने प्रस्तावको संलग्न ढाँचा स्वीकृत गर्ने ।

निर्णय नं. ९: मिति २०७७ साल फाल्गुण १६ गते स्वर्गद्वारी नगरपालिका, वडा नं. २ स्थित स्वर्गद्वारी गुरुकुल विद्यालय आश्रममा आगलागी भई क्षति भएको भवनको पुनर्निर्माण गर्न अर्थ मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, प्युठानलाई रु. १०,०००००। (दश लाख)निकासा दिने ।

निर्णय नं. १०: केन्द्रीय विपद् व्यवस्थापन कोषबाट भएको निकासा रकम अनुमोदन गर्ने ।

(क) केन्द्रीय विपद् व्यवस्थापन कोषबाट विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भएको रकम मिति २०७८ आषाढ २ देखि आषाढ३१ सम्मको रु.१,३०,००,०००/- (एक करोड तीस लाख) र २०७८ श्रावण १ देखि माघ १४ सम्मको रु. ८,६६,५०,०००/- (आठ करोड छैसट्ठी लाख पचास हजार मात्र) गरी जम्मा रु. ९,९६,५०,०००/- (नौ करोड छ्यानब्बे लाख पचास हजार मात्र) अनुमोदन गर्ने ।

(ख) मिति २०७८ आषाढ २ देखि बाढी, पहिरो, डुवान लगायतका विपद्का घटनामा सिन्धुपाल्चोक, मनाङ, लमजुङ्ग,पाँचथर लगायतका जिल्लाहरूमा खोज, उद्धार तथा राहतका लागि प्रयोग भएको हेलिकप्टरको भाडाबापत सैनिक हवाई महानिर्देशनालयलाई सोधभर्ना भुक्तानी दिएको रकम रु. ८,७३,२८,७६९.९८ (आठ करोड त्रिहत्तर लाख अठ्ठाईस हजार सात सय उनान्सत्तरी रुपैंया पैसा अन्ठानब्बे मात्र) र कैलाश हेलिकप्टर सर्भिस प्रा.लि. लाई सोधभर्ना भुक्तानी दिएको रकम रु. ३,१५,३४१.२५ (तीन लाख पन्ध्र हजार तीन सय एक्चालिस रुपैया पैसा पच्चीस मात्र) गरी जम्मा रकम रु. ८,७६,४४,१११.२३ (आठ करोड छयत्तर लाख चवालिस हजार एक सय एघार रुपैंया पैसा तेईस मात्र) अनुमोदन गर्ने ।

निर्णय नं. ११: गृह मन्त्रालयले तयार गरेको हिमपात, शितलहर, अत्याधिक चिसोलगायतका विपद् जोखिमको न्यूनीकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०७८ (२०७८ मंसिर २९ गतेको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत) अनुमोदन गर्ने ।

निर्णय नं. १२: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय कार्यकारी प्रमुख, गृह मन्त्रालयको सचिव र गृह मन्त्रीले प्रामाणित गरेबमोजिम हुने ।